म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ | अङ्कः- १२९ | २०८० चैत १७ गते शनिबार 30 March 2024, Saturday - | पृष्ठ ४ | मूल्य रू. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षति हुनबाट बचाउनु हामी सबैको कर्तब्य हो । तसर्थ वन डढेँलो नियन्त्रण कार्यमा सहयोग गर्न हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

### निर्माण व्यवसायी महासंघको साधारणसभा

# निर्माण उद्योगमैत्री कानुन उच्च प्राथमिकतामाः प्रधानमन्त्री दाहाल

समाज संवाददाता

हेटौंडाः प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले निर्माण उद्योगमैत्री कानुन सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ। शुक्रबार हेटौंडामा नेपाल निर्माण व्यवसायी महासंघको २५ औं साधारणसभाको उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले यस्तो बताउनुभएको हो ।

प्रधानमन्त्री प्रचण्डले निर्माण उद्योगमैत्री हुने गरी ऐन संशोधनको चरणमा सरकार रहेकोसमेत बताउनुभयो । 'अब सार्वजनिक खरिद ऐन संशोधन गरिँदा निर्माण व्यवसायीहरूको अनिवार्य संलग्नता रहनेछ', प्रधानमन्त्री दाहालले भन्नुभयो । निर्माण व्यवसायीहरूले पाउनुपर्ने रकमको चाँडै भुक्तानी गरिने प्रतिबद्धता जनाउँदै प्रधानमन्त्री दाहालले काम सकेर भुक्तानी नदिनु 'बेइमानी' भएको स्वीकार गर्नुभयो ।




*निर्माण व्यवसायी महासंघको साधारणसभालाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री पुष्पकमल दाहाल ।*

सरकार आगामी आर्थिक वर्षको बजेटको तयारीमा लागिसकेको बताउनुहुँदै प्रधानमन्त्री दाहालले अर्थतन्त्र उकास्न आफू सधैँ गम्भीर भएर लागेको बताउनुभयो। उहाँले अर्थतन्त्र सुधारोन्मुख रहे पनि दबाबमुक्त भने नरहेको बताउनुभयो । अघिल्लो पटक फरक दलबाट अर्थमन्त्री हुँदा अर्थतन्त्र उकास्ने दिशामा केही समस्या देखिएको बताउँदै प्रधानमन्त्री दाहालले अब त्यो प्रवृत्ति नदोहोरिने विश्वास दिलाउनुभयो ।

निजी क्षेत्रको सहकार्यलाई आफूले सधैँ प्राथमिकतामा राखेकाले पनि अर्थतन्त्रमा केही सुधारको संकेत देखिएको प्रधानमन्त्री दाहालले दाबी गर्नुभयो। एक आपसमा रहेको अविश्वासको वातावरणको अन्त्य गर्दै सबै राष्ट्रहितका लागि एक हुनुपर्नेमा प्रधानमन्त्री दाहालले जोड दिनुभयो ।

प्रतिनिधिसभाको भौतिक पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले प्रधानमन्त्री दाहालको नेतृत्वमा निर्माण उद्योगमा विद्यमान चुनौती समाधान हुनेमा आफू आशावादी रहेको बताउनभुयो। सिंहले निर्माण व्यवसायीको समस्या चाँडोभन्दा चाँडो सरकारले समाधान गर्नुपर्ने बताउनुभएको छ। देशमा रहेको सबै उद्योगहरुलाई चल्ने वातावरण बनाएर युवाहरुलाई विदेश पलायन हुनबाट रोक्नुपर्ने उहाँले बताउनुभयो । उहाँले सरकारले विभिन्न अवरोधलाई हटाएर मात्र टेन्डर आह्वान गर्नुपर्ने र समयमा भुक्तानी दिनुपर्ने बताउनुभयो । यसअघि आफू विकास समितिको सभापति हुँदा टेण्डर भए पनि अर्थमन्त्रीले रकम निकासा नगरिदिँदा काम गर्न असहज भएको उहाँले आरोप लगाउनुभयो ।

महासंघका केन्द्रीय अध्यक्ष रवि सिंहले सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधनपछि म्याद थपको समस्या सदाका लागि अन्त्य हुने विश्वास व्यक्त गर्नुभयो । नियमावली संशोधनका लागि सरकारलाई धन्यवाद दिँदै अध्यक्ष सिंहले राज्यले हठात् बिना बजेटका योजनाहरू घोषणा गर्दा निर्माण उद्योग अस्तव्यस्त भएको बताउनुभयो । व्यवसायीहरूले पाउनुपर्ने रकम भुक्तान भएमा अर्थतन्त्र चलायमान हुने भन्दै उहाँले गुणस्तरीय विकास निर्माणका लागि सरकारसँग हातेमालो गर्न महासंघ तयार रहेको बताउनुभयो ।

महासंघका सल्लाहकार एवम् पूर्वअध्यक्ष जयराम लामिछानेले स्वतन्त्ररुपमा निर्माण व्यवसायीहरुले काम गर्ने वातावरण सरकारले बनाइदिनुपर्ने धारणा राख्नुभयो । निर्माण व्यवसायीलाई 'ठेकेदार' भन्ने शब्द खारेज गर्न उहाँले माग गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले अर्थतन्त्र उकास्न निर्माण उद्योगको भूमिका 'विशेष' रहेको बताउनुभयो । निराशाको खेती गरेरमात्र देश समृद्ध नहुने भन्दै अध्यक्ष ढकालले सरकारसँग निजी क्षेत्रको सहकार्य जरुरी भएको बताउनुभयो ।

यस्तै, नेपाल उद्योग परिसंघका उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले आर्थिक उन्नतिमा निर्माण उद्योगको भूमिकाबारे प्रकाश पार्नुभयो। नेपाल निर्माण व्यवसायी महासंघका महासचिव रोशन दाहालले अत्यधिक संख्यामा रहेका साना निर्माण व्यवसायीहरूको समस्याप्रति राज्यको ध्यानाकर्षण गराउँदै मूल्य समायोजन र भुक्तानी व्यवसायीहरूको मुख्य माग रहेको बताउनुभयो । नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष उमेश सिंहले राज्यले निर्माण उद्योगलाई प्राथमिकतामा राखेको भान आफूलाई भएको बताउनुभयो ।

साधारणसभा सहआयोजक निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलले साधारणसभाको आयोजनाबाट मकवानपुरको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । साधारणसभाकै अवसरमा प्रधानमन्त्री दाहालले महासंघको मुखपत्र 'निर्माण विशेषांक' को विमोचन गर्नुका साथै अग्रज निर्माण व्यवसायीहरू धुव्र कार्की र रोशनकुमार श्रेष्ठलाई सम्मान गर्नुभएको थियो । महासंघको दुई दिने साधारणसभा घोषणापत्र जारी गर्दै शनिबार सम्पन्न हुने महासंघका प्रवक्ता शिवहरिले जानकारी दिनुभयो। कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेल, बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्मा र सभामुख भुवनकुमार पाठकलगायतको आतिथ्य रहेको थियो ।

# हानेपाले मन्त्री बज्राचार्यलाई कारवाही गर्ने

समाज संवाददाता

हेटौँडाः शालिकराम जम्कट्टेल नेतृत्वको बागमती प्रदेश सरकारको बचाउमा निर्णायक भूमिकामा रहेको हाम्रो नेपाली पार्टी (हानेपा) संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्य मन्त्री भएको भोलिपल्टै हानेपाले पत्रकार सम्मेलन गरेर बज्राचार्यलाई कारवाही गर्ने जनाएको छ। बिहिबार साँझ हानेपा संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्य प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्री नियुक्त हुनुभएको थियो ।

शुक्रबार बिहान हेटौँडामा हानेपाले पत्रकार सम्मेलन गरेर शैलेन्द्रमान बज्राचार्य बिहिबार बिहान ११ बजेदेखि सम्पर्कमा नरहेको र अपहरणको शैलीमा बज्राचार्यलाई सत्तारुढ दलले मन्त्री बनाएको हानेपाका अध्यक्ष अनन्त राज घिमिरेले दावी गर्नुभएको छ । बज्राचार्यले मन्त्री पदको सपथग्रहण गरेको समाचार सञ्चार माध्यममा आएपछि मात्रै आफूहरुले थाहा पाएको उल्लेख गर्नुहुँदै अध्यक्ष घिमिरेले भन्नुभयो, "हाम्रो नेपाली पार्टीले प्रदेश सरकारलाई समर्थन गर्दैन । हाम्रो नेपाली पार्टीको संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यलाई अपहरण गरेर मन्त्री बनाइयो । अपहरण गर्नेलाई कारवाहीको माग गर्दछौं ।"

लोभमा परेर पार्टी विपरित बज्राचार्यले मन्त्री बनेको भए पार्टीले कारवाही गर्ने अध्यक्ष घिमिरेले स्पष्ट पार्नुभएको छ । आफ्नो पार्टीभित्र पनि समस्या भएको स्वीकार्नुहुँदै अध्यक्ष घिमिरेले अपहरण गरेर मन्त्री बनाउने गलत प्रवृत्ति देखिएको जीकिर गर्नुभयो ।

# मुख्यमन्त्रीले चैत १९ गते विश्वासको मत लिने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले यही चैत १९ गते विश्वासको मत लिनुहुने भएको छ । नेपाली काँग्रेसले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री जम्कट्टेलले आफ्नो पक्षमा बहुमत सुनिश्चित देखिएपछि विश्वासको मत लिन लाग्नुभएको हो ।

शुक्रबार बागमती प्रदेश सभामा नेकपा माओवादी केन्द्रका मुख्यसचेतक रत्नप्रसाद ढकालले विश्वासको मत लिने मिति तय गरिएको पत्र बुझाउनुभएको छ । बिहिबार मात्रै सत्तारुढ दलले हाम्रो नेपाली पार्टी (हानेपा) को संसदीय दलका नेता शैलेन्द्रराज बज्राचार्यलाई सरकारमा सामेल गराएको थियो । हानेपाबाट बज्राचार्य मन्त्री भएको विषयमा भने पार्टीले आपत्ति जनाउँदै कारवाहीको चेतावनी दिएको छ । बागमती प्रदेश सभामा विश्वासको मत लिने मिति तय गरिएको पत्र बुझाउनुहुँदै नेकपा माओवादी केन्द्रका मुख्यसचेतक ढकाल ।

# बागमती प्रदेशसभा बैठक सोमबार बस्ने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको बैठक आगामी सोमबार बस्ने भएको छ । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले दिउँसो १ बजे प्रदेशसभा बैठक बस्ने जानकारी दिनुभयो ।

प्रदेशसभाअघि आइतबार कार्यव्यवस्था परामर्श समितिको बैठक बस्ने भएको छ । बैठक आइतबार ३ बजेका लागि बोलाइएको उहाँले बताउनुभयो ।

प्रदेशसभा बैठकमा प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत लिनुहुने भएको छ । नेपाली काँग्रेसले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री जम्कट्टेलले फेरि विश्वासको मत लिन लाग्नुभएको हो । यसअघि प्रदेशसभाको बैठक फागुन ३० गते बसेको थियो ।

बैठकमा प्रदेशका सभामुख भुवनकुमार पाठकले प्रदेश सरकारलाई बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समितिको प्रतिवेदन कार्यान्वयन गर्न निर्देशन दिनुभएको थियो ।

# राजमार्गमा प्रहरीको ध्यान राजश्वमा, विचौलियाले पैसा उठायोः रास्वपा मकवानपुर



*मकवाानपुरका प्रहरी प्रमुख सिताराम रिजाललाई ध्यानाकर्षणपत्र बुझाउँदै रास्वपा नेता ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लामा प्रहरीले राजश्व असुलीमा बढी ध्यान केन्द्रित गरेको, प्रहरीलाई बुझाउन भन्दै विचौलियाले यातायात व्यवसायीसँग पैसा उठाइरहेको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरले ध्यानाकर्षण गराएको छ । रास्वपा मकवानपुरका सभापति भरत पराजुलीले हस्ताक्षर गर्नुभएको ध्यानाकर्षपत्र रास्वपाले मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सिताराम रिजाललाई बुझाएको छ।

राजमार्गमा छोटो-छोटो दूरीमा प्रहरीले सुरक्षाजाँचले यातायात मजदुरलाई अनावश्यक दुख भइरहेको रास्वपाले जीकिर गरेको छ। ५ देखि १० किलोमिटर दूरीमा राजमार्गमा भइरहेको प्रहरीको चेकिङ बन्द गर्दै निश्चित ठाउँमा मात्र चेकिङ गर्न रास्वपाले सुझाव दिएको छ । हेटौँडा-बीरगन्ज, हेटौँडा नारायणघाट चल्ने माइक्रोहरुमा बिचौलियाहरुले अनावश्यक रुपमा प्रहरी मिलाउने भन्दै हरेक माइक्रोसँग महिनावारी पैसा उठाउने कार्य भइरहेको र यसलाई बन्द गराउन प्रहरी प्रमुखलाई भनेको छ ।

रास्वपाले बजारमा उपभोग्य वस्तुमा हुने कालोबजारी अन्त्य गर्दै उपभोक्ता मूल्यमा एकरुपता कायम गराउन पनि ध्यानाकर्षण गराएको छ ।

हेटौँडा-११, थानाभर्याङ, सिमलटार क्षेत्रमा साँझ ६ बजेदेखि राती १० बजेको समयमा लागुपदार्थ, मादकपदार्थ सेवन गरी होहल्ला गर्ने, अपशब्द प्रयोग गर्ने, कुटपिट गर्ने काम भइरहेको भनदै प्रहरीलाई सुरक्षा व्यवस्था मिलाउन भनेको छ ।

सहकारी पीडितहरुलाई न्याय दिलाउन पनि प्रहरीको सक्रियताका लागि आग्रह गरिएको छ । लागुपदार्थको कारोबार गर्नेलाई कारबाहीको दायरामा ल्याउन, यौनिक तथा लैङ्गिक अल्पसंख्यकद्वारा हेटौँडा-४, १० को सिमाक्षेत्र वन विज्ञान अध्ययन क्याम्पस अगाडि रातीको समयमा हुने विकृतिपूर्ण क्रियाकलाप रोक्न प्रहरीलाई आग्रह गरिएको छ। हेटौँडा बजार क्षेत्रमा जडान गरिएको सिसि क्यामरा पूर्णरुपमा संचालन गर्न पनि रास्वपाले भनेको छ ।

**नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको अत्यन्त जरुरी सूचना**

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिबाट प्राप्त निर्देशन तथा जिल्ला शाखा मकवानपुरको मिति २०८०।१२।१० गतेको कार्यसमिति बैठकको निर्णयअनुसार पत्रकार महासंघ मकवानपुर शाखाको १८ औं वार्षिक साधारणसभा तथा १२ औं अधिवेशन निम्न मिति, स्थान र समयमा हुने भएकाले यसअघिको (१७ औं) साधारणसभामा सहभागी मकवानपुर शाखाका सम्पूर्ण साधारण सदस्यज्यूहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
मकवानपुर शाखा

**कार्यक्रमः**
मितिः २०८०।१२।२५ गते आईतबार
स्थानः पल्पसा प्याराडाइज, हेटौंडा-२
समयः बिहान ११:०० बजे

# हो तिमी अल्पसंख्यिक हौ



✍दीपा न्यौपाने

हेपिनुपर्छ तिमीलाई पिडा हुन्छ, थाहा छ ।
जिस्काउने गर्छन तिमीलाई सबैले थाहा छ ।
तिमीलाई कुनै सरकारी निकायमा कोटा छैन ।
सहनैपर्छ तिमीले किन कि तिमी अल्संख्यिक हौ ।

तिम्रो लागि कुनै विद्यालयमा सिट छैन् ।
तिम्रो लागि कुनै अस्पतालमा वेड छैन् ।
तिम्रो लागि कुनै काम बनेको छैन ।
तिम्रो कुनै पनि ठाउँमा नाम छैन ।

तिम्रो लागि कुनै पनि चाडपर्व छैन् ।
त्यसैले त तिम्रो लागि कुनै जात्रा महोत्सव छैन् ।
त्यसैले त तिम्रो लागि कुनै ऋतिरिवाज छैन् ।
थहा छ मलाई किनकी तिमी अल्पसंख्यिक हौ ।

सामजमा तिम्रो कुनै बाँच्ने आधार छैन् ।
तिम्रो लागि कुनै गाउँ सहर बनेको छैन् ।
तिम्रो लागि कुनै न्यायधिश बनेको छैन् ।
तिम्रो लागि कुनै कानुन छैन् ।

सबै नागरिकलाई न्याय दिने संविधा तिम्रो लागि रहने छ ।
सबै नागरिकलाई शासन गर्ने नेता तिम्रो लागि रहने छ ।
सबै जनतालाई रक्षा गर्ने प्रहरी तिम्रा लागि रहने छ ।
थाहा छ नि मलाई किनकी तिमी अल्पसंख्यिक हौ ।

तिमीलाई खेलौना सम्फेर खेल्ने गर्छन ।
कुनै इज्जत मान सम्मान छैन यहाँ तिम्रो ।
तैपनि सहन्छौ तिमी थहा छ बाध्यता छ तिम्रो ।
थहा छ मलाई किनकी तिमी अल्पसंख्यिक हौ ।

मेरो सरकार अल्पसंख्यिक हुन पुर्व जन्मको पाप हो ।
मेरो सरकार किन बाँच्नुपरेको उनीहरुले सबैको हेला सहेर ।
रहरले जन्मेको हैन होला नि ? उनीहरु अल्पसंख्यिक बनेर
केही न केही त कानुन बनाई देउ न मेरो सरकार ।

मेरो सरकार तिमी पनि अर्को जुनिमा बन्न सक्छौ नि त ।
मेरो सरकार तिमी पनि उनीहरुको पिडा बुझ्न सक्छौ नि त ।
संविधानको पानमा केही लेखिदेउ मेरो सरकार ।
अल्पसंख्यिकको पिडा बुझिदेऊ मेरो सरकार ।

तिमी त उनीहरुको अभिभावको हौ मेरो सरकार ।
तिमी पनि उनीहरुको प्रेरणा हौ मेरो सरकार ।
तिमीले देख्न सक्छौं उनीहरुको मागेर हिंडेको ।
तिमीले देखेको छौं उनीहरु अपहेलित भएर हिंडेको ।

*सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२*
*कक्षा-९ नेपाली माध्यम*

# "बाबा"



✍समृद्धि घिताल

तिम्रो मायाको अन्दाज गर्न सक्दिन
हाम्रो अटुट सम्बन्ध बिर्सिन सक्दिन
को आफ्नो को पराई चिन्न सिकायौ
सधैंभरी राम्रो बाटोमा हिंड्न सिकायौ

सिर्जनात्मक क्रियाकलापमा हिंड्न सिकायौ
अरुका लागि हैन आफ्नो लागि बाँच्न सिकायौ
आफ्नो पाइलासँग पाइला मिलाई अघि बढायौ
मेरो हातमाथि हात राखी सफलताको बाटो हिंडायौ

हजुरको काख मेरो सिरानी हुने गर्दथ्यो
हजुरको हाँसो मेरो ओखती हुने गर्दथ्यो
हजुरको आँखाको नानीमा म बास गर्थे
हजुरको हृदयमा आफैंलाई आभास गर्थे

हजुरको खुसीमा मैले आफ्नो खुसी खोजेको थिएँ
हजुरको हृदयमा मैले स्वयमलाई राखेको थिएँ
अहोभाग्य ठान्छु हजुरलाई पाएकोमा
अन्धकार रातपछि सुनौलो बिहानी आएकोमा

*कक्षा-७, जीएस निकेतन, हेटौंडा-५*

# मुक्तक



✍अजीता ओझा

नगर्दा पनि कसैको निन्दा र जय घात हुन सक्छ
राखेस् थोरै भए पनि पापको भय घात हुन सक्छ
अर्कैको सिउँदो रङ्गाउनु अघि ब्लक गर्दिनु मलाई
अचानक देख्दा युगल तस्विर हृदयघात हुन सक्छ

## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# लोभ

## लघुकथा



✍किशन पौडेल

धनदासको प्राण जानै लागेको थियो ।

परिवारजन बुढाको वरिपरि बसेर सुँक्क सुँक्क रुँदै थिए । बुढीको अनुहारतिर हेरेर धनदासले मुख आँ गर्दै केहि कुरा भन्न खोजिरहेका थिए । तर उनको मुख खुलिरहेको थिएन ।

छोराले बुवाको कान नजिकै गएर सोध्यो, "बा ! तपाईंले कसैलाई पैसा व्याजमा दिनुभएको त छैन नि ? गोप्य रूपमा कतै धन लुकाएर राख्नु भएको छ कि ?"

धनदासलाई अत्यन्तै गाह्रो हुँदै गएको थियो । बोल्न खोज्ये सकिरहेका थिएनन् । बुढीले पनि धेरै कोसिस गरिन् बोलाउन बुढाले के भन्न खोजिरहेका हुन कसैले ठम्याउन सकेनन् ।

परिवारजनले अनुमान लगाए, पक्कै पनि बुढाले गोप्य धन लुकाएर राखेको हुनुपर्छ । यो त जसरी पनि बुढाको मुखबाट ओकल्न लगाउनै पर्छ भन्ने ठहर गरे । डाक्टर र वैद्यलाई बोलाएर ल्याए ।

डाक्टरले सुई लगाई दिए । वैद्यले जडीबुटीको लेपन घाटी र निधार वरिपरि दलिदिए ।

बिस्तारै बुढाले मुख आँ गरे र आफ्नो चोर औंला मुखभित्र हाल्दै मसिनो स्वरले भने, "घाटमा लगेपछि यो सुनको दाँत चाहिँ निकाल्न नबिर्सनु है !


*हेटौंडा*

# गजल: खुसी आउँछ

✍रेशम गिरी

छाल जस्तै खुसी आउँछ र फर्किन्छ
जसरी पानीमा परेपछि तेल तर्किन्छ
गाँठो पार्दा त अप्ठ्यारो पर्दो रहेछ
सियोसँगै छिरेको धागो त अड्किन्छ
स्वीकार्छु कुनै समय नमिठो बोलेहुँला
तातेको बेला हरियो बाँस त पड्किन्छ
म मरेको खबरले उसलाई पीडा भएछ
फुटेको ऐना हेर्दैमा भाग्य कहाँ चर्किन्छ
सोच एक क्षण सोचेरै छोड्ने निर्णय लेऊ
अनिकालमा एक गेडा बीउ त खड्किन्छ ।
पोखरा

# चित्रकला



दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन, हेटौंडा-५



सृष्टी श्रेष्ठ
एलकेजी, लिटिल बड्डी प्रि-स्कुल, हेटौंडा-४

# गीत: मेरो क्यानभासमा तिमी खास रङ





✍ईश्वर पोखरेल

तिमी खास बान्की, तिमी खास् उमङ्ग
मेरो क्यानभासमा, तिमी खास रङ्ग
नयाँ अर्थ रच्दै, म छु ग्यालरीमा
नयाँ शिल्प थप्दै, तिमी छयौ मसंग
तिमीलाई भेट्दा, नयाँ भाव भेट्छु
तिमीलाई नभेट्दा, म पोत्छु र मेट्छु
तिमी हात बढाउँछयौ, म देखिन्छु दङ्ग
मेरो क्यानभासमा, तिमी खास रङ्ग
तिमी ठुस्की दिन्छयौ, र कालो थपिन्छ,
तिमी मुस्कुराउँदा, उज्यालो थपिन्छ
तिमी गुनगुनाउँछ्यौ, र उठछन् तरङ्ग
मेरो क्यानभासमा, तिमी खास रङ्ग ।
महालक्ष्मी– ३, बोफेपोखरी, ललितपुर

# पर्या लघुकथा: एक आदिवासी



✍राजु झल्लु प्रसाद



एक्लै हिँडिरहेको उसलाई लाग्यो, रोकिनुपर्छ । तर, न यात्रा रोकिएको थियो, न बाटो । यसकारण यात्री रोकिएन अर्थात् ऊ हिँडिरह्यो ।

मनसुनको कुनै दिन उपत्यकाको सडकपेटीमा ऊ अकस्मात् बजारिएको थियो । ऊ बजारिनुले उपत्यकाको राजनैतिक, आर्थिक, सांस्कृतिक, सामाजिक र साहित्यिक भूगोलमा तात्त्विक फरक परेन । जसै बजारियो, उसले मुन्टो उठाएर यस शहरलाई अपलक हेऱ्यो.. । आकाश ताक्यो, तर सकेन किनकि आकाश छेक्ने गरी घरहरू उभिएका थिए ।

झरीले उसलाई निरन्तर पिटिरह्यो, जसकारण ऊ हलक्क बढ्न पनि पायो । चिस्यान उसका लागि आवश्यक थियो, प्राणवायु थियो । सडकपेटीमा बज्रिहेका झरीका कारण उसले देशको राजधानीमा आफ्नो शैशवकाल खुसीसाथ बिताउन सक्यो । ऊ दङ्ग थियो ।

मनसुन रोकियो । चिसा र स्याँठ लाग्दा दिनहरू आए । तत्पश्चात्, ऊ व्यग्र हुन् थाल्यो । उसका जीउ पटपटी फुट्न थाले । उसले माटो देख्न पाएन । ऊ सडक वारि-पारि गरिरह्यो । कहिले कुनाको सियौंलमा टाँसिएर बस्यो, कहिले पहेँलो पातको पछाडि लुकेर बस्यो, कहिले कुनै हिलो जुत्ताको पिँधमा निसास्सिएर अलि परसम्म पुग्यो । यदाकदा कहिले कसो नालामा हामफाल्न खोज्यो, तर गन्धले अत्तालिन्यो ।

उसले चिस्यान खोज्यो । पाएन । उसले माटो खोज्यो, भेटेन । बदलामा उसले रुखासुखा यस शहरमा अनगीनत चोट र प्रहारहरू भेट्यो । र, अन्ततः ऊ माटोको खोजीमा अलि पर..अलि पर.. गर्दै घिस्रिरह्यो । घिस्रिरह्यो । उसलाई विश्वास थियो, 'एसियाकै उर्वर भूमिमध्ये एक यस उपत्यकामा माटो भेटिएरै छाड्नेछ ।' यही निर्क्योलका साथ ऊ अनवरत हिँडिरह्यो'हिँडिरह्यो !

कसैलाई थाहा खबर छैन, ऊ कहाँ छ यतिखेर ?

ऊ अर्थात् यस शहरको आदिवासी । गँड्यौला ।

# नेपाल

**✍नितिका भट्टराई**

नेपाल हो हाम्रो देश, नेपाली हौ हामी
नेपाली हामी विश्वमा छौं नामी ।
नेपाललाई सजाउने अब हाम्रो काम
काम गरी अझै धेरै बढाउनुपर्छ नाम ।

हाम्रो देश नेपाल सुन्दर, शान्त, विशाल
जताततै रहेका छन् अग्ला अग्ला हिमाल
७७ जिल्ला अनि ७ वटा प्रदेश
हामीलाई राम्रो लाग्ने हाम्रो आफ्नै देश ॥

देशलाई अघि बढाउन हामी लागि परौं
एक अर्कोको हात समाई सधैं अघि सरौं ।
नेपालको शहिदले धेरै दु:ख गरे
आफ्नो ज्यान दाउमा राखी देशको लागि मरे ॥

*कक्षा-५, कमाने एकेडेमी, हेटौंडा-८*

# किताब



**✍सुवांगी पौडेल**

कापी किताब झोलामा
माछा बस्छ खोलामा

चुरा उड्छ भुरुरु
पुतली नाच्छ फुरुरु

किताब भित्र कथा छ
पढ्ने ठूलो धोको छ

सादा र रङगीन चित्र
छ मेरो किताब भित्र

किताब ज्ञानको भण्डार
सिकाउछ राम्रो संस्कार

आजैबाट पढौं साथी
पुगिन्छ हेर माथी माथी ॥

*कक्षा-४*

## गाउँखाने कथा

१. एउटा तन्न एउटा धन्न, कहिले लौलौ कहिले हुन्न ।
- तबेला

२. एउटा थालमा तीन मान्छे नाचिरहन्छन् ।
- घडी

३. आलु भन्छन् खान्न हुन्न, केही होइन हेप्न हुन्न ।
- सुन्ना

४. इनारको पानी भुलभुल्ती आउने ।
- आँसु

५. इरिइरि लहरो सिरिसिरि पात, खोलाभित्र पसी घुम्छ दिनरात ।
- चिठी

# मौनता



**✍ कृष्णकुमार वैद्य**

बोलक्कडहरु पनि चुपचाप छन् अचेल
परिस्थिति प्रतिकूल भएर त होलान् नि
नदेखे नसुने झैं गर्छन् मानिसहरु पनि
पिठो बिकाउनकै लागि पो बोलिरहेका
हिजोआज ती लोकतान्त्रिक घरानाहरू ।

बोल्न मन छैन नबोली पनि सुख छैन
सानो मुख ठूलो कुरा सुहाउँदैन भन्थे
त्यसैले मौनता साध्नु उपयुक्त ठान्छन्
बोली बिकाइ मान सम्मान पड्काएर
मस्ता छन् भागबन्डाका अंशियारहरू ।

गफ नै हो नि यहाँ बिना अर्थ बोल्नु
ब्यर्थै चौबाटो भट्टीमा बसेर गिजोल्नु
बेसुरको वाणी महान उपदेश मानेर
ताली पड्काइ वाहवाही गरिदिन्छन्
अन्ततः मौन बस्छन् भक्तभोगीहरू ।

*बनेपा ९, काभ्रे*

# पुस्तकको आँखी झ्याल

**✍पुजना न्यौपाने**


ज्ञानको अघि सारा संसार झुकेको देखेको छु
परम वीर पनि कलम मुनि लुकेको देखेको छु ।
सत्य, ज्ञान र इमान्दारी अपराजित भएदेखि
सत्यको पर्खाइमा संसार पनि रुकेको देखेको छु ।

ज्ञान बुद्धिको अगाडि कसैको केही लाग्ने छैन
शक्तिशाली महावली पनि चुकेको देखेको छु ।
पैसा शक्ति दुर्भावले उन्मुक्त भएकालाई
पवित्र ज्ञानले तिनलाई पनि चुकेको देखेको छु ।

शब्द ज्ञानमा नै अथाह शक्ति हुन्छ
र त ज्ञानबाट नै पापको सागर सुकेको देखेको छु ।
मलाई म बनाउने पुस्तकप्रति नतमस्तक छु
आँखीझ्यालबाट संसार फुकेको देखेको छु ।

*कक्षा-९, जनप्रिय माध्यमिक विद्यालय, हेटौंडा-१६*

# कल्युगको समाचार समाचार



**✍सरोजप्रसाद साह**

कुल्चिन्छ दुःखी, पाउँले यहाँ, कुल्चिएको समाज छ !
मुखमा हुन्छ, राम राम र, रावणराज विराज छ !!
काटिन्छ गला, कपटले यहाँ, बन्धु सत्रु सिकार छ !!!
यो कल्युगको समाचार छ, यहि कल्युगको समाचार छ !!!



भत्केको मस्जिद, टुटेको मन्दिर, अधर्म युद्ध विराज छ !
बलात्कृत नारी बिच सडकमा, बेचिएको न्याय छ !!
प्यास रगतको, भष्म चरित्र, नैतिकता लाचार छ !!!
यो कल्युगको समाचार छ, यहि कल्युगको समाचार छ !!!!



जुवाको जमाना, स्त्रीको व्यापार छ !
मासुको खाना हिंसक,पापी विचार छ !!
इमान्दारी र सत्यको हत्या, मानवताको बजार छ !!!
यो कल्युगको समाचार छ, यहि कल्युगको समाचार छ !!!

तड्पिन्छ पेट, कुनै रातभर, अन्न पानी हडताल छ !
लुटिन्छ घर, बिच पहरमा, डाँकाराज विराज छ !!
धुवाँ धुलो अपवित्र मन र, यहि नवपहिचन छ !!!
यो कल्युगको समाचार छ, यहि कल्युगको समाचार छ !!!!



कुल्चिन्छ दुःखी, पाउँले यहाँ, कुल्चिएको समाज छ !
मुखमा हुन्छ, राम राम र, रावणराज विराज छ !!
काटिन्छ गला, कपटले यहाँ, बन्धु सत्रु सिकार छ !!!
यो कल्युगको समाचार छ, यहि कल्युगको समाचार छ !!!

# साताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष राशि**: दाम्पत्य जीवन आनन्दयुक्त रहने छ । आत्मीय मित्रसँग रमाइएला । गरेका काम ढिलो भएपनि उपलब्धीपूर्ण होला । कामधन्दामा धैर्य, साहस र संयमता अपनाउँदा राम्रो रहन्छ । अनावश्यक चिन्ता र मानसिक समस्या बढ्ला । व्यापार– व्यवसाय ठिकै छ । अध्ययन– अध्यापन तथा धार्मिक एवं सामाजिक काममा मन जाने समयको योग छ ।

**वृष राशि**: कानुन, प्रशासन आदि काममा सफलता पाइएला । राजनीतिक क्षेत्रमा पनि आफ्नो दरो पकड रहला । खेलकुद र साहसी काममा पनि लागिने छ । वैदेशिक प्रयोजनबाट लाभ प्राप्त होला । चुनौति र अड्चन झेल्दै अगाडि बढिएला । पढाइ– लेखाइ ठिकै छ । धार्मिक सामाजिक तथा साँस्कृतिक काममा सरिक भइएला । स्वास्थ्यस्थितिमा कमजोर समय छ ।

**मिथुन राशि**: ज्ञान र चिन्तन उपयोगि बन्न सक्छ । बौद्धिक र खोजमूलक विषयमा ध्यान केन्द्रित होला । आफन्तबाट शुभ समाचार प्राप्त होला । प्रबुद्ध व्यक्तिको सहयोग प्राप्त होला । जिद्धीपन, रिस र घमण्डले पनि काम बिगार्न सक्छ । कार्यसम्पादमा शिघ्रता होला । अध्ययन–अध्यापन तथा सामाजिक अनि धार्मिक क्षेत्रका काममा सरिक भइनेछ ।

**कर्कट राशि**: शरीर स्वस्थ भएपनि चिन्तामा वृद्धि हुनेछ । आफन्त व्यक्तिसँग बिछोड होला । अचल, शेयर, घरेलु प्रयोजन र भोगबिलासका सामग्रीमा फाइदा हुनेछ । कामकाजको व्यस्तताले मानसिक तनाव र शारीरिक दुवै रहला । शंकालु बानी त्याग्दा राम्रो । असमझदारी बढ्न सक्नाले मन बिचलित होला । पढाइ–लेखाइ र धार्मिक काममा सरिक ।

**सिंह राशि**: नयाँ योजना प्रारम्भ गर्ने समय छ । सामाजिक तथा धार्मिक कृत्यमा मन जानाले पुराना साथीभाइको काममा समेत दौडधूप होला । आत्मबल र हिम्मतले काममा पूर्णता प्राप्त होला । पुराना विषयले भने तनाव बढ्न सक्छ । नयाँ आशा र प्रयासको उचित परिणाम प्राप्त होला । मानसम्मानमा कमी आउँदैन । पढाइमा भने मन लाग्ने ।

**कन्या राशि**: हाँके ताकेका काममा सफलता मिल्ला । दाजुभाइमा आत्मीयता आत्मीयता बढ्ने छ । प्रेम र मित्रताको बन्धनमा दृढता आउने छ । मुखकै भरमा आफन्तहरु बटुल्न सकिनेछ । बन्दव्यापारमा त्यति फाइदा हुने छैन । नातागोताको काममा समय दिनुपर्ला । धार्मिक र सामाजिक काममा सरिक भइने छ । परीक्षा र प्रतियोगिताका कामबाट सफलता प्राप्त ।

**तुला राशि**: फुर्सद नमिले पनि राम्रो नतिजा हातपर्ने समय छ । कमीकमजोरीलाई सुधार्ने समय छ । आफन्तका बीचमा सहयोग आदानप्रदान हुनसक्छ । महत्वपूर्ण ठाउँमा बोली बीना प्रतिष्ठित काम गर्ने मौका मिल्ला । आत्मविश्वास बढ्ने छ । भौतिक उपकरण जुट्ने समय छ । अध्ययन–अध्यापन तथा धार्मिक र सामाजिक काममा सरिक भइने समय छ ।

**वृश्चिक राशि**: परिबन्ध र बाध्यताका काममा समय बित्ला । नियमित र व्यवहारिक खर्च बढ्न सक्छ । वैदेशिक प्रयोजनको कामबाट लाभ होला । व्यापार–व्यवसाय ठिकै छ । प्रशासनिक कामकाजमा मन अस्थिर होला । खर्च वृद्धि हुने समय छ । आय पनि होला । पढाइ–लेखाइ मध्यमकारक मान्नुपर्दछ । राम रमाइलोमा अलमलिने समय छ ।

**धनु राशि**: ज्ञानमूलक काम वा बौद्धिक क्षेत्रमा ध्यान केन्द्रित हुनेछ । सरकार पक्ष र प्रशासनिक काममा सफलता प्राप्ति होला । जिम्मेवारी र खर्चको बोझ बढ्ने समय छ । राज्य स्थान र व्यय स्थानमा चन्द्रमा बसेकाले पुराना कामहरु बनाइने योग छ । अड्किएका कामहरु बन्नेछन् । धार्मिक तथा सामाजिक अनि अध्ययन–अध्यापनका कामहरु सफल हुनेछन् ।

**मकर राशि**: आफ्नो लक्ष्य, रणनीति र योजनाहरु कार्यान्वयन गरिने समय योग छ । द्विविधा भएका कुरामा ठूलाको सुझाव लिनुपर्ला । मिहिनेत गरे अनुरुप राम्रै प्रतिफल प्राप्त होला । परिश्रमले लक्ष्यको नजिक पुगिएला । पढाइ–लेखाइमा थप श्रम गर्नुपर्ला । सामाजिक र परोपकारजन्य काममा सरिक भइने समय छ । दौडधूपमा समय बित्ला ।

**कुम्भ राशि**: भविष्य बनाउँने समय योग छ । परोपकारी र सामाजिक गतिविधिमा खट्नुपर्ला । सेवाभाव र दानपुण्यका कार्यमा आकर्षण बढ्ने छ । ज्ञानगुण र बौद्धिक क्षेत्रमा गरेको लगानी उपलब्धीपूर्ण होला । पढाइ–लेखाइ मध्यमकारक देखिन्छ । व्यापार–व्यवसाय ठिकै छ । आफन्तको काममा खट्नुपर्ने समय योग रहेको छ ।

**मीन राशि**: जोखिम र संकटले घेरेको समय छ । धेरै बटुल्ने प्रयत्न नगर्दा राम्रो । दुराशा र महत्वाकांक्षा थाती राख्दा राम्रो रहन्छ । कामलाई निरन्तरता दिँदा राम्रो । कार्यक्षेत्र र प्रशासनिक काममा मन जागृत होला । धार्मिक तथा सामाजिक एवं परोपकारजन्य काममा सरिक भइने छ । पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं




ईन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो

हार्दिक श्रद्धाञ्जली



जन्म मिति: २०६८/११/०७
स्वर्गारोहण मिति: २०८०/१२/१०

स्व. : रजष्मिता नेगी

समवेदना-पत्र

सृष्टिको प्रारम्भदेखि नै जन्म मरणको प्रकृया चल्दै आएको छ । मिलनले सँधै हर्ष छाउने र विछोडबाट पिडा वेदना थपिने भएता पनि नियतिलाई भोग्नै पर्ने रहेछ ।
यस विद्यालयमा कक्षा ५ मा अध्ययनरत रजष्मिता नेगीको २०८०/१२/१० गते अल्पायुमा भएको असामयिक निधनप्रति विद्यालय परिवार गहिरो दुःख व्यक्त गर्दछ । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति धैर्य धारणा गर्ने शक्ति प्रदान गरून् भन्दै ईश्वरसँग प्रार्थना गर्दछौं ।

श्री वंशगोपाल माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)
मकवानपुरगढी-२, कुर्लेदमार परिवार

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७






### वडाध्यक्ष कप फुटबल

# वडा नम्बर १२ र ७ फाइनलमा प्रवेश

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६ स्थित गौरीटार रंगशालामा जारी अन्तरवडास्तरीय १५ नम्बर वडाध्यक्ष कप फुटबल प्रतियोगिताको फाइनलमा वडा नम्बर १२ र ७ बिच प्रतिस्पर्धा हुने भएको छ। शुक्रबार भएको सेमिफाइनल खेलपछि आइतबार हुने फाइनलमा भिड्ने टोलीको टुंगो लागेको हो।

पहिलो सेमिफाइनल खेलमा वडा-८ लाई हराउँदै वडा-१२ फाइनमा प्रवेश गरेको हो। हेटौंडा उपमहानगर पालिका १५ नम्बर वडा खेलकुद विकास समितिको आयोजनामा शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा वडा-८ लाई ३-१ गोल अन्तरले पराजित गर्दै वडा-१२ फाइनल प्रवेश गर्ने पहिलो टोली बन्न सफल भएको हो।

वडा-१२ बाट साजन पाखिन एक्लैले ३ गोल गरेका हुन्। पाखिनले पहिलो हाफमा एक र दोस्रो हाफमा दुई गोल गर्दै ह्याट्रिक पूरा गरे। यता, वडा-८ बाट विपिन घिमिरेले मात्र एक गोल गर्न सफल भएका हुन्। खेलको म्यान अफ द म्याच ह्याट्रिक गर्ने वडा-१२ का पाखिन घोषित भएका छन्।

शुक्रबारै भएको दोस्रो सेमिफाइनल खेलमा आयोजक तथा तेस्रो संस्करणको उपविजेतासमेत रहेको वडा-१५ लाई २-१ गोल अन्तरले हराउँदै वडा-७ फाइनलमा प्रवेश गरेको छ। वडा-७ बाट कुशल अधिकारीले र राजु लामाले समान १-१ गोल गरेका थिए। वड-१५ को तर्फबाट खेलको म्यान अफ द म्याच विशाल भोलनले एक गोल गर्न सफल भएका थिए। खेलको म्यान अफ द म्याच वडा-७ बाट रोशन दोङ घोषित भएका छन्।

प्रतियोगिताअन्तर्गत् आइतबार फाइनल खेलमा उपाधिका लागि हेटौंडा-१२ र हेटौंडा-७ बिच प्रतिस्पर्धा हुने खेलकुद विकास समितिका अध्यक्ष गोविन्द नेगीले बताउनुभएको छ। प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाभित्रका १७ वटा वडाहरुको सहभागिता रहेको थियो।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगिताको फाइनल खेल आइतबार हुनेछ।

# योजनाबद्धरुपमा धर्म परिवर्तन गराउने प्रयासः कमल थापा

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका अध्यक्ष कमल थापाले देशमा अहिले योजनाबद्धरुपमा धर्म परिवर्तन गराउने प्रयास भइरहेको बताउनुभएको छ। शुक्रबार पार्टीको कार्यकर्ता भेलाअघि सञ्चारकर्मीहरुसँग कुराकानी गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो।

अहिले देशमा धर्मनिरपेक्षको आडमा संगठित र योजनाबद्धरुपमा धर्म परिवर्तन गराउने काम भइरहेको उहाँले बताउनुभयो। नेपालमा सनातन धर्म, संस्कृतिलाई कमजोर बनाउन र धर्म परिवर्तनका लागि विदेशी शक्तिको करोडौं रुपैयाँ लगानी भइरहेको उहाँले बताउनुभयो। समाजलाई इसाईकरण बनाउन यस्तो भइरहेको उहाँले आरोप लगाउनुभयो। यसका लागि विभिन्न गैरसरकारी संस्थाहरु विदेशी रकम लिएर यस कार्यमा सक्रिय भएको उहाँको भनाइ छ।

संविधानअनुसार नेपाल धर्मनिरपेक्ष देश भए पनि पुरानो सनातन धर्मको रक्षा गर्नु राज्यको कर्तव्य भनेर लेखिएको स्मरण गराउँदै सरकारले यसबारे कुनै ध्यान नदिएको उहाँले बताउनुभयो। खुलेआम धर्म परिवर्तन गर्ने गरी धार्मिक भावनाको विरुद्धमा कार्य भइराख्दा पनि सरकार र जिम्मेवार निकायहरु मौन रहनु आश्चर्यजनक रहेको उहाँले बताउनुभयो।

उहाँले देशमा संघीय लोकतान्त्रिक गणतन्त्र असफल भएको पनि बताउनुभएको छ। यो व्यवस्था भ्रष्ट व्यवस्था र तस्करी तन्त्रमा रुपान्तरण भएको उहाँले आरोप लगाउनुभयो। यो व्यवस्थाको विकल्पमा राजासहितको प्रजातन्त्र र पूर्ण धार्मिक सहिष्णुतासहितको सनातन हिन्दू राष्ट्र भएको उहाँले बताउनुभयो।

राप्रपा नेपालका अध्यक्ष थापाले यो विकल्प स्थापना गर्नका निम्ति सदनदेखि सडकसम्मको जनसंघर्ष र जनआन्दोलन अपरिहार्य भएको बताउनुभएको छ। यस्तो जनसंघर्ष कुनै एक राजनीतिक दलले गरेरमात्र नहुने भन्दै समान विचारधारा भएका सबै शक्तिहरु एउटै मोर्चामा आवद्ध हुनुपर्ने उहाँले बताउनुभयो। मोर्चा बनाएर भ्रष्ट व्यवस्थाबाट देश र जनतालाई मुक्त दिलाउन आवश्यक रहेको पनि अध्यक्ष थापाले बताउनुभयो।

# चितवनमा ५ जना, सिन्धुलीमा एकजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकै दिन ६ जनाको मृत्यु भएको छ। चितवनमा एकै दिन ५ जनाको मृत्यु भएको छ भने सिन्धुलीमा एक जना मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। चितवन जिल्लाको राप्ती नगरपालिका-७, वीरेन्द्रनगरमा मोटरसाइकल अनियन्त्रित भई ट्याक्टर र ट्रकमा ठोकिँदा मोटरसाइकलमा सवार एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा महोत्तरी जिल्ला शम्शि गाउँपालिका-४ बस्ने २१ वर्षीय रूपेश पण्डित रहेको प्रहरीले जानकारी दिएको छ।

बिहीबार भण्डाराबाट भरतपुरतर्फ जाँदै गरेको प्र २-०२-००५ प १३९९ नम्बरको मोटरसाइकल विपरित दिशाबाट आउँदै गरेको ना ३ त २८७२ नम्बरको ट्याक्टरमा ठोकिई अनियन्त्रित भई भरतपुरतर्फ जाँदै गरेको ना ६ ख १५७७ नम्बरको ट्रकमा ठोकिँदा मोटरसाइकल चालक महोत्तरी जिल्ला शम्शि गाउँपालिका-४ का २४ वर्षीय दिपेन्द्र पण्डित र पछाडि सवार रूपेश घाईते भएका थिए। घाइते रुपेशलाई उपचारका लागि अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको र दिपेन्द्रको नयाँ मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ। ट्रक चालक हेटौँडा-३, का ३२ वर्षीय कृष्ण प्रसाद दुलाल र ट्रयाक्टर चालक चितवन जिल्लाको राप्ती नगरपालिका-६ का ३१ वर्षीय सरोज चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

चितवन जिल्लाको खैरहनी नगर पालिका-१, साईचोकमा एक जना युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा पश्चिम नवलपरासी जिल्लाको बर्दघाट कुकुरमारा घर भई हाल साईचोक स्थितमा अटो वर्कसपमा काम गर्ने २५ वर्षीय लक्षु शर्मा रहेको प्रहरीले जानकारी दिएको छ। बिहीबार बिहान १० बजेको समयमा शर्मा गाडी धुने क्रममा अचानक बेहोस भएका थिए। शर्मालाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा बिहीबार बिहान ११ बजेर ४० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-११, नवजिवन टोलमा एक जना महिला मृत फेला परेकी छन्। मृत फेला पर्नेमा ४६ वर्षीया गंगा कुमाल रहेको प्रहरीले जानकारी दिएको छ। बुधबार बेलुका घरमै सुतेकी कुमाल बिहीबार अबेरसम्म नउठेपछि छोरीहरुले उठाउन जाँदा सुतेको ठाउँमा नै मृत फेला परेको प्रहरीले जानकारी दिएको छ।

चितवन जिल्लाको भरतपुर महानगर पालिका-१६, ज्ञानेश्वर सामुदायिक वन पछाडी एक जना बालक मृत फेला परेका छन्। मृत फेला पर्नेमा भरतपुर महानगर पालिका-११, होपचोक बस्ने १२ वर्षीय मिनोज श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ। बिहीबार नारायणी नदीमा श्रेष्ठ मृत अवस्थामा फेला परेका थिए।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-१, जोरकुशुम पार्कमा नारायणी नदी किनारको छेउमा एक जना पुरुषको शव फेला परेको छ। बिहीबार बिहान ७ बजेर ४५ मिनेटको समयमा हाल नाम थर नखुलेको अन्दाजी ४५ वर्षीय पुरुषको शव सडेर गलिसकेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका-६, हैबारबेशीमा एकजना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा रामेछाप जिल्ला रामेछाप नगरपालिका-८ लामाटोल घर भई हाल हैबारबेशिमा डेरा गरी बस्ने ५२ वर्षीय बद्रीप्रसाद लामा रहेको प्रहरीले जानकारी दिएको छ। लामा बिहीबार बिहान ७ बजेको समयमा आफु सुत्ने कोठामा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

## संसदीय पत्रकारितासम्बन्धी अन्तरक्रिया सुरु

समाज संवाददाता

सौराहाः बागमती प्रदेश सभा सचिवालयलको आयोजनामा संसदीय पत्रकारिता सम्बन्धमा सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम सुरु भएको छ। शुक्रबार बागमती प्रदेश सभाका सभामुख भूवन कुमार पाठकको प्रमुख आतिथ्यमा चितवनको सौराहामा कार्यक्रम सुरु भएको हो।

प्रदेशसभालाई थप प्रभावकारी बनाउन, सचिवालय र पत्रकारबीच सुमधुर सम्बन्ध कायम राख्न अन्तरक्रिया कार्यक्रम राखिएको प्रदेश सभा सचिव कृष्णहरी खड्काले जानकारी गराउनुभयो। बागमती प्रदेशको राजधानी हेटौँडामा रहेको र संसदीय रिपोर्टिङ गरिरहेका सञ्चारकर्मी लक्षित कार्यक्रम शुक्रबार र शनिबार दुई दिन चल्नेछ। कार्यक्रममा राष्ट्रिय सभाका पूर्व सचिव राजेन्द्र फुयाँलले संसदको कार्य, यसको प्रभावकारिता, अवस्था लगायतका विषयमा प्रस्तुतीकरण दिनुभएको छ। अन्तरक्रियामा संसदीय विधि र व्यवस्थापन प्रक्रिया अन्तर्गत नीति तथा कार्यक्रम, पूर्व बजेट छलफल, राजश्व र व्यापारको अनुमान पेश, विधेयक पारित प्रक्रिया, शून्य, विशेष समय तथा मुख्यमन्त्रीको जवाफ लगायतका संसदीय प्रक्रियाका विषयमा जानकारी समेत गराइनेछ। कार्यक्रममा प्रदेश सभा सचिवालयका सचिव पूर्णबहादुर दर्जी, विज्ञ पत्रकार हरि बहादुर थापा, पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष ध्रुव अधिकारीलगायतको आतिथ्य रहेको थियो।

## हाँडीखोलामा दाइमाथि खुकुरी प्रहार

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-३, हाँडीखोलामा भाइले प्रहार गरेको खुकुरीबाट दाइ घाइते भएका छन्। बिहीबार राती ९ बजेको समयमा २६ वर्षीय कृष्ण तामाङ बलले खुकुरी प्रहार गरी आफ्नै दाइ २८ वर्षीय कप्तान तामाङ बललाई गम्भीर घाइते बनाएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

खुकुरी प्रहारबाट कप्तानको छात्ति, पेट, कुममा चोट लागी गम्भीर घाइते भएका छन्। घाइते कप्तानको हेटौँडाको चुरेहिल अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि चितवनको नयाँ मेडिकल कलेज पठाइएको प्रहरीले जनाएको छ। घटनाको कारण नखुलेको र खुकुरी प्रहार गर्ने कृष्णलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## गढी गाउँपालिकाले उन्नत जातको मकैको बिउ वितरण गर्दै

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाले उन्नत जातको मकैको बिउ वितरण गर्ने भएको छ। बुधबार एक सूचना जारी गर्दै गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम अनुसार संघीय सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रमतर्फ मकैबाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत् पचास प्रतिशत अनुदानमा मकैबालीको उन्नत बिउ वितरण गर्न लागेको कृषि प्राविधिक निर्मला देवकोटाले जानकारी दिनुभयो।

गाउँपालिकाले २ टन रामपुर कम्पोजिट जातको मकैको बिउ वितरण गर्न लागेको उहाँले जानकारी दिनुभयो। १ सय १० देखि १ सय १५ दिनको अवधिमा पाक्ने मकैको बिउ प्रतिरोपनी १ किलोका दरले वितरण गर्न लागेको हो। कृषि प्राविधिक देवकोटाका अनुसार मकैको बिउ वडा तथा गाउँपालिकामा गठन भएको समूहबाट वितरण गरिनेछ।

## ३५ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः मकवानपुर पूर्वी इसाई समुदायको आयोजनामा रक्तदान कार्यक्रम भएको छ। शुक्रबार हेटौंडा-१८, हर्नामाडीमा भएको रक्तदान कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन्। कार्यक्रममा २८ जना पुरुष र ७ जना महिलालाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाले जानकारी दिएको छ।

रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ। कार्यक्रममा समुदायका अध्यक्ष प्रकाश परियारको सभाध्यक्षमा तथा हेटौंडा-१८ का अध्यक्ष अनिल कुमार बानियाँको प्रमुख आतिथ्यमा रहेको थियो। यसअघि बिहिबार मकवानपुर संयुक्त इसाई समुदायको आयोजनामा पनि हेटौंडामा रक्तदान कार्यक्रम भएको थियो। हेटौंडा-१०, बुद्धचोकमा भएको कार्यक्रममा २० जनाले रक्तदान गरेका थिए भने बुधबार हेटौंडा-१०, बुद्धचोकमै राउण्ड टेबलको आयोजनामा रक्तदान कार्यक्रम भएको थियो। कार्यक्रममा १९ जनाले रक्तदान गरेका थिए। चैत २२ गते जनचेतना बचत तथा ऋण सहकारी संस्था रातोमाटेमा रक्तदान कार्यक्रम हुने रक्तसञ्चार केन्द्र हेटौंडाले जानकारी दिएको छ।

# गाउँ शिक्षा योजना निर्माणसम्बन्धी कार्यशाला सम्पन्न



*गाउँ शिक्षा योजना गोष्ठीमा सहभागीहरु ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाले पालिकामा रहेका ३७ वटा विद्यालयका प्रधानाध्यापकको सहभागितामा गाउँ शिक्षा योजना निर्माणसम्बन्धी कार्यशाला सम्पन्न गरेको छ। बिहीबार गाउँपालिकाको शिक्षा शाखाको आयोजनामा कार्यपालिकाको हलमा कार्यशाला भएको प्रधानाध्यापक कमल फुयाँलले जानकारी दिनुभयो।

कार्यशालामा मकवानपुरगढी गाउँपालिकाको शिक्षासम्बन्धी समस्या, चुनौती, अवसर, सबल पक्ष, दुर्बल पक्ष र समूहबाट अभ्यास गर्ने, समीक्षा गर्ने र गाउँ शिक्षा योजनामा समावेश गर्ने कुराहरुका बारेमा छलफल भएको प्रधानाध्यापक फुयाँलले जानकारी दिनुभयो। मकवानपुरगढी गाउँपालिकाको शिक्षामा भौतिक पूर्वाधार पर्याप्त मात्रामा नहुनु, शौचालयको राम्रो व्यवस्था नहुनु, विद्यार्थीको संख्या कम हुनु र विद्यालयको कोठा र शिक्षक विद्यार्थीको अनुपात नमिल्नुजस्ता कमजोरीहरु रहेको उहाँले जानकारी दिनुभयो।

बागमती प्रदेश सरकारबाट अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणाका लागि मकवानपुरगढी गाउँपालिका र थाहा नगरपालिका छनोट भएको छ। सोहीअनुसार गाउँपालिकाले २०८१ जेठ मसान्तभित्र अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको गाउँपालिका घोषणा गर्ने कार्ययोजना बनाएको प्रधानाध्यापक फुयाँलले जानकारी दिनुभयो।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमको प्रमुख आतिथ्य तथा मकवानपुरगढी गाउँपालिका प्रमुख दोर्जे लामा स्याङ्तानको आतिथ्यमा कार्यशालामा भएको थियो। कार्यशालामा पालिकाको शिक्षा शाखा प्रमुख राम घलान, गाउँपालिकाको ८ जना वडा अध्यक्षहरुको आतिथ्य रहेको थियो। मकवानपुरगढी गाउँपालिकाले आगामी चैत २१ गते विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई उनीहरुको भूमिकाका विषयमा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ।

## डिजेल चोरी गर्ने चालकसहित दुईजना पक्राउ

समाज संवाददाता

हेटौँडाः डिजेल चोरी गर्ने दुइजनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। बारा जिल्लाको अमलेखगञ्जबाट काठमाडौं लैजाँदै ना ७ ख २७९४ नम्बरको ट्याङकरबाट डिजल चोरी गर्ने हेटौँडा-९ स्थित नवदुर्गा आयल स्टोर्सका कर्मचारी भारतीय नागरिक ३० वर्षी वीरेन्द्र साह र ट्याङकर चालक पर्सा जिल्लाको बीरगन्ज महानगरपालिका-११, श्रीपुरका ४९ वर्षीय आलम हवारीलाई प्रहरीले पक्राउ गरेको छ।

बिहिबार दिनको १ बजेर ४० बजेको समयमा हेटौँडा-९ स्थित नवदुर्गा आयल स्टोर परिसरमा डिजेल चोरी भइरहेको भन्ने खबरका आधारमा ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरीले साह र हवारीलाई डिजेल चोरी गरिरहेको अवस्थामा नियन्त्रणमा लिएको जनाएको छ। प्रहरीले ट्याङ्करबाट निकालिएको ४० लिटर डिजेलसहित उनीहरुलाई नियन्त्रणमा लिएर नेपाल आयल निगमको थानकोटस्थित डिपो पठाइएको जनाएको छ।


**भूमिगत जलभण्डारको संरक्षण गरौं'।**

- अन्यवस्थित शहरीकरण र औद्योगिकरणले जमिनमुनिको पानीको सतह घटिरहेको,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको,
- खेतियोग्य जमिनमा सिंचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले,

**भूमिगत जलस्रोतको पुनर्भरणका लागिः**

- जलाधार क्षेत्रको संरक्षण गरौं,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वाधार निर्माण गरौं,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटबिरुवा रोपौं,
- द्रुत जलप्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं ।

दिगो विकासमा योगदान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ